दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १८८ | बुटवल | २०८३ असार ३० गते, मंगलबार | नेपाल संवत ११४६ | Tuesday July 14, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

## जेनजी अभियान्ता माजिद अन्सारी कुटपिट र सञ्चारगृह अगाडि शंकास्पद गाडी पार्किङ् :

# सरकारी रवैयाको चौतर्फी निन्दा







बुटवल । जेनजी अभियान्ता माजिद अन्सारीमाथि प्रहरीले गरेको कुटपिट र मूलधारका प्रमुख सञ्चारगृह अगाडि रास्वपा नेतालगायतले आवागमनमा अवरोध हुने गरी गरेको अनधिकृत गाडी पार्किङ्को चौतर्फी निन्दा भएको छ ।

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले राज्य नागरिकको मुख थुनेर अधिनायकवादी सत्ता चलाउन लागेको बताएका छन् । ४४औं बीपी स्मृति दिवसको तयारीका लागि केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले आयोजना गरेको बैठकलाई सम्बोधन गर्दै उनले सरकारमाथि टिप्पणी गरेका हुन् । बीपी कोइरालाले राणा प्रधानमन्त्रीलाई नागरिकले सत्तामाथि प्रश्न गर्ने अधिकारलाई अब कसैले रोक्न सक्दैन भनेर दिएको जवाफको स्मरण गर्दै थापाले भने-'पार्टी नेताका घर, मिडियाका कार्यालय र व्यवसायीका व्यापारिक क्षेत्रमा गाडी तेर्स्याएर नागरिकको निजी सम्पत्ति, उसको आर्जन र जीवनमाथि क्षति पुऱ्याउने कुनै अधिकार राज्यले राख्दैन ।'

सुकुम्वासी समस्या र गणेश नेपालीको आत्मदाहको अवस्थाबारे दल र मिडियाले प्रश्न उठाउन थालेपछि राज्यले यस्तो व्यवहार गरेको सभापति थापाको भनाइ थियो । उनले गाडी तेर्स्याउन आएकाहरू सरकारी गाडी चढेर फर्केको स्थानीय नागरिकबाट जानकारी पाएको पनि उल्लेख गरे । थापाले सुकुम्वासी समस्यालाई दलीयकरण गर्ने कांग्रेसको नीति नरहेको प्रष्ट पार्दै कानूनले दिएको निकास नखोजेर सरकार आफैंले समस्या सिर्जना गरेको बताए ।

'सरकार हरेक नागरिकको अभिभावक र संरक्षक बन्न सक्नु पर्नेमा मानव जीवनको रक्षाबाट विमुख र करुणाविहीन भयो ।'- उनले भने । सभापति थापाले ६ साउनमा पार्टीको 'जरा अभियान' सम्पन्न भएलगत्तै ७ साउनको कार्यक्रमबाट २४ भदौसम्मका लागि नयाँ अभियानको घोषणा गर्ने जानकारी पनि दिए । 'नेपाली कांग्रेस कुनै घटनापछि प्रतिक्रिया जनाउने पार्टीका रुपमा रहँदैन,' उनले भने- 'बरु सम्भावित नागरिक समस्यालाई उजागर गर्ने अभियानमा क्रियाशील छ ।' सभापति थापाले आफूहरूको प्रश्न गर्ने हक र हिम्मत कसैले खोस्न नसक्ने पनि बताएका छन् ।

उनले आफ्नो पूरानो घर रहेको रातोपुलमा समेत शंकास्पद तरिकाबाट गाडी राखिएको जानकारी गराउँदै यस्तो बताएका हुन् । सरकार आफैं प्रश्न गर्नेको मुख बन्द गर्न लागिरहेको बताउँदै यो अचम्मको विषय रहेको बताएका छन् । 'सरकार आफैं प्रश्न गर्नेहरूको प्रश्न बन्द गर्नका लागि ऊ आफैं ओर्लिएर आएको छ । यो चाहिँ सबैभन्दा अचम्मलाग्दो कुरा पनि हो । हामी सबैले ध्यान दिनुपर्ने कुरा पनि हो । पार्टीको तर्फबाट अहिले यति नै भन्छौं, यी सबै कुराहरू खेदजन्य छन्,' सभापति थापाले भनेका छन् -'यी कुराहरूले सोसाइटी, कांग्रेस वा कसैको प्रश्न गर्ने कुराको हक कसैले खोस्न सक्छ, न हाम्रो हिम्मत कसैले खोस्न सक्छ । हाम्रो हक पनि कसैले खोसेर खोसिँदैन ।'

सभापति थापाले हिजो यस्तै कारणले पूराना दलहरूले गुमाएको स्मरण गर्दै अहिले पनि सोही प्रवृत्ति दोहोरिनु गम्भीर विषय रहेको जिकिर गरे । 'हिजो यस्तो कारणले गुमायो भनियो, आज पनि गुमाएर गएका छन् । त्यो गहिरो विषय हो । चिन्तन गरौं, किन यस्तो भइरहेको छ । अझै नयाँ नयाँ घटनाहरू नघटुन् भनेर हाम्रो सामूहिक चिन्ताको विषय हुनुपर्छ ।'- सभापति थापाले भनेका छन् ।

नेपाली नेपाली कांग्रेसकी प्रमुख सचेतक वासना थापाले सञ्चारमाध्यमका मुख्य गेटमा सवारी साधन पार्किङ् गरिएको घटनाको छानबिनको माग गरेकी छन् । कुन उद्देश्यले मिडियाको कार्यालय अगाडि गाडी पार्किङ् गरियो ? त्यसको छानबिन हुनुपर्ने उनको भनाइ छ । 'शहरका सडकमा अव्यवस्थित पार्किङ् समस्याको रूपमा छ । तर, आज सञ्चारमाध्यमका मुख्य गेटमा सवारी साधन पार्किङ गरिएको घटनापछि केही स्वाभाविक प्रश्नहरू उठेका छन् । उक्त सवारीसाधन त्यहीँ किन र कसले पार्क गऱ्यो ?', उनले प्रश्न गरेकी छन्-'यो केवल संयोग थियो, वा यसको पछाडि कुनै उद्देश्य थियो? यदि उद्देश्य थिएन भने मिडिया संस्थाहरू प्रत्यक्ष प्रभावित हुने स्थान नै किन रोजियो ?'

कुनै आशङ्का गर्नुभन्दा पनि निष्पक्ष र विश्वसनीय छानबिन गर्न माग गरेकी छन् । उनले थपेकी छन्- 'आधुनिक समाजमा स्वतन्त्र र निर्भीक सञ्चारमाध्यम लोकतन्त्रका महत्त्वपूर्ण आधारस्तम्भ हुन् । त्यसैले यस घटनाको सत्यतथ्य पारदर्शी ढङ्गले सार्वजनिक हुनु आवश्यक छ । यसले केवल घटनाप्रतिको विश्वास मात्र होइन, राज्यका निकायहरूप्रतिको जनविश्वास पनि सुदृढ बनाउँछ ।'

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले मिडिया हाउसहरूको गेटमा गाडी पार्किङ गरी अवरोध गर्ने कार्यमा संलग्नलाई तत्काल पहिचान गरी कारबाही गर्न सरकारको ध्यानाकर्षण गराएको छ ।

महामन्त्री विपिन कुमार आचार्यले एक विज्ञप्ति जारी गर्दै स्वतन्त्र र भयरहित पत्रकारिता नै लोकतन्त्रको प्राण वायु रहेको बताएका छन् । 'यसको रक्षार्थ राष्ट्रिय स्वतन्त्र पार्टी सदैव कटिबद्ध छ । तसर्थ, प्रेस क्षेत्रलाई त्रसित बनाउने उद्देश्यबाट प्रेरित यस्ता र अन्य जुन कुनै कदमहरूको राष्ट्रिय स्वतन्त्र पार्टी भर्त्सना गर्दछ ।'- रास्वपाले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

राज्यको चौथो अंगका रूपमा स्थापित आमसञ्चारमाध्यम र सञ्चारकर्मीहरूले निर्भीक रूपमा कार्य गर्ने वातावरणमाथि धावा बोल्ने वा उनीहरूलाई मनोवैज्ञानिक दबाबमा राख्ने आशयले गरिएका यस्ता शंकास्पद र रहस्यमय गतिविधि लोकतान्त्रिक मूल्य-मान्यताका ठाडो उल्लंघन रहेको रास्वपाको ठहर छ ।

'यी घटनाहरूको तत्काल, निष्पक्ष र सत्यतथ्य छानबिन गरी सम्पूर्ण सञ्चारमाध्यमको भौतिक तथा मनोवैज्ञानिक सुरक्षा सुनिश्चित गर्न र यस्ता शंकास्पद गतिविधिमा संलग्न जोसुकै भए पनि उनीहरूको तत्काल पहिचान गरी कानुन बमोजिम गर्न नेपाल सरकार, गृह मन्त्रालय र सम्बन्धित सुरक्षा निकायको गम्भीर ध्यानाकर्षण गराउँदछौं ।'- रास्वपाले भनेको छ । एक लोकतान्त्रिक, जिम्मेवार र विधिको शासनमा विश्वास गर्ने राजनीतिक दलको हैसियतले रास्वपा सदैव पूर्ण प्रेस स्वतन्त्रता, नागरिकको सुसूचित हुन पाउने मौलिक अधिकार र स्वतन्त्र पत्रकारिताको पक्षमा दृढतापूर्वक उभिएको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

'कुनै पनि बहानामा सूचना तथा सञ्चार स्वतन्त्रता हनन गर्ने, सञ्चार गृहहरूमा त्रासको वातावरण सिर्जना गर्ने र चौथो अंगलाई संकुचित पार्न खोज्ने जुनसुकै प्रवृत्तिका अवाञ्छित क्रियाकलापहरू राष्ट्रिय स्वतन्त्र पार्टीलाई किमार्थ स्वीकार्य छैनन् भन्ने स्पष्ट पार्न चाहन्छौं ।'- महामन्त्री आचार्यले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

अनलाइनखबरको गेटका सोमबार बिहान पार्किङ गरेर छोडिएको शंकास्पद गाडी आँखा क्लिनिक सञ्चालकको रहेको खुलेको छ । बा १२ च ८५४५ नम्बरको सो गाडी काठमाडौंको गोकर्णेश्वरका सुनिल पौडेलको नाममा रहेको र उनको मोबाइल नम्बर ९८४३......१४ रहेको यातायात व्यवस्था कार्यालयको रेकर्डमा देखिन्छ । पौडेलले काठमाडौंको गोकर्णेश्वर-९, भगवतीस्थानमा शंखडोल आई क्लिनिक एन्ड अप्टिकल हाउस नामक आँखा क्लिनिक चलाउँदै आएका छन् ।

दर्ता गर्दा पनि उनले गाडी दर्तामा प्रयोग गरेकै मोबाइल नम्बर प्रयोग गरेको देखिन्छ । क्लिनिकको प्रवर्द्धन गर्दा पौडेलले आफूलाई कन्सल्टेन्ट अप्टोमेट्रिस्टका रुपमा उल्लेख गरेका छन् । यातायात कार्यालयबाट नम्बर प्राप्त गरेपछि अनलाइनखबरले पौडेललाई सम्पर्क गरी तपाईंले अनलाइनखबरको गेट नै छेकिने गरी किन पार्किङ् गर्नुभयो भनेर सोधेको थियो । सो गाडी आफ्नै भए पनि कहाँ पार्किङ् गरिएको थियो भन्नेबारे आफूलाई थाहा नभएको बताए ।

'त्यो गाडी मेरो नाममा छ तर त्यो अर्कैले चलाइरहेको छ, म उसको नम्बर दिन्छु, ऊसँगै कुरा गर्नुस् है ।'- उनले भने । तपाईंको स्वामित्वमा भएको गाडीको विषयमा तपाईंसँगै कुरा गर्नुपऱ्यो नि ? भन्ने जिज्ञासामा उनले आफूले गाडी चलाएकै होइन, अर्को नम्बरमा फोन गर्नुस् नम्बर दिए । तर, सो व्यक्तिको नाम भने बताएनन् ।

ट्रु कलरमा हेर्दा सो नम्बर सुजन पौडेलले प्रयोग गर्ने गरेको पाइयो । र, नम्बरसँगै उनको फोटो पनि सेभ रहेको पाइयो । सुजन सुनिलका सहोदर दाइ रहेको गोकर्णेश्वरका एक स्थानीयले बताए । केही समयमा सो नम्बरबाटै फोन गरेर ती व्यक्तिले 'जे पायो त्यही लेख्ने, तपाईंको गेटमा गाडी पार्किङ गर्दा कसरी शंकास्पद भयो ? बम राखेको छ त्यसमा ? भन्दै धम्की दिए ।

तपाईं को बोल्नुभयो, तपाईंको नाम के हो ? भन्दा उनले आफ्नो नाम बताएनन् । बरु 'तपाईंहरूलाई मात्रै आउँछ, तपाईंहरूले जे गरे पनि हुन्छ ? बम भेट्नुभयो, के भएर छोड्देको ? तपाईं जे पायो त्यही लेख्न पाउनुहुन्छ ? अधिकार छ ?' भन्दै गाली गरे ।

'हामीले त्यस्तो के लेख्यौं ?' भन्ने प्रश्नमा फेरि पनि तपाईंको गेटअगाडि कसैले गाडी रोक्यो भन्दैमा शंकास्पद कसरी हुन्छ भन्ने जिद्दी गरे । 'शङ्कास्पद भनेर बम नै राखेको जस्तो गर्नुभयो । निकाल्नुभयो होला त बम ? कतिबेला निकाल्नुभयो ?' उल्टै उनले भने, 'तपाईंको गेटअगाडिको ठाउँ रोड हो, तपाईंको नक्सामा पर्छ त्यो ? कानुनले आफ्नो काम गर्छ । हामीले गाडी राख्यौं, सक्यो त !'

पाँच मिनेटभन्दा बढी धम्कीको शैलीमा बोलेका पौडेलले आफ्नो नाम भने बताएनन् ।

» बाँकी ३ पेजमा

### मिडियालाई त्रसित बनाउनेमाथि कारबाही गर्न संसदीय समितिको निर्देशन

बुटवल । संसदीय समितिले सरकारलाई मिडियालाई त्रसित बनाउनेमाथि कारबाही गर्न भनेको छ ।

सोमबार बसेको प्रतिनिधिसभाअन्तर्गतको कानुन, न्याय तथा मानव अधिकार समितिले मिडिया हाउसहरूको गेटमा गाडी पार्किङ गरी अवरोध सिर्जना गरेको घटनाका सम्बन्धमा सरकारको ध्यानाकर्षण गरेको हो ।

सोमबार सिंहदरबारमा बसेको समितिको बैठकमा बोल्दै कानुन, न्याय तथा मानवअधिकार समिति सभापति समीक्षा बास्कोटाले कान्तिपुर टेलिभिजन, हिमालय टेलिभिजन, अनलाइनखबर अगाडि शंकास्पद रूपमा सवारी पार्किङ् गरिएकोप्रति समितिको गम्भीर ध्यानाकर्षण भएको बताइन् ।

उनले भनिन्-'कान्तिपुर टेलिभिजन, हिमालय टेलिभिजन, अनलाइनखबर र भाटभटेनी सुपरमार्केट अगाडि कसैले गाडी गरेको खबर आएको छ । मिडिया हाउस अगाडि सरकारले गाडी पार्किङ् गरेको होइन ।'

उनले मिडिया हाउसको गेटमा सवारी पार्किङ् गरी अवरोध गर्ने कार्यमा सरकारको संलग्ना नरहेको समेत दाबी गरिन् ।

उनले भनिन्-'गाडीका नम्बर प्लेट हेर्दाखेरि प्राइभेट नम्बर प्लेटहरू देखिएको छ । यो विषयमा पनि समितिको ध्यानाकर्षण भएको छ ।'

निजी नम्बर प्लेट भएका सवारी रहेको र सबै सवारी साधनलाई ट्राफिक प्रहरीले हटाइसकेको जानकारी समितिलाई गराइन् । उनले थपेकी छन्-'यहाँ बस्दाबस्दै ट्राफिक प्रहरीले ती गाडीहरू उठाइराखेको भनेर जानकारी आएको छ । मलाई जहाँसम्म लाग्छ सरकारले यस्तो काम गर्दैन ।'

» बाँकी ३ पेजमा

## प्रेस काउन्सील अध्यक्षमा उमेश श्रेष्ठ नियुक्त



बुटवल । सरकारले प्रेस काउन्सिलको अध्यक्षमा पत्रकार उमेश श्रेष्ठलाई नियुक्त गरेको छ । सूचना तथा सञ्चार मन्त्रालयको सिफारिसमा मन्त्रिपरिषद् बैठकले काउन्सिलको रिक्त पदमा श्रेष्ठलाई नियुक्त गरेको हो ।

यसअघि वरिष्ठ अधिवक्ता कुमार शर्मा आचार्य काउन्सिलका अध्यक्ष थिए । सरकारले अध्यादेश जारी गरेपछि उनी सहितका सबै पदाधिकारीहरू पदमुक्त भएका थिए ।

सञ्चारमाध्यमहरूको नियमन गर्ने प्रेस काउन्सिल सरकार र सञ्चारमाध्यम बीच समन्वय गर्ने निकाय मानिन्छ ।

श्रेष्ठ पछिल्लो समय नेपाल फ्याक्टचेकको सम्पादकको रूपमा कार्यरत थिए । पत्रकारिता तथा आमसञ्चारमा त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर गरेका श्रेष्ठ पछिल्ला वर्षहरूमा मिथ्या सूचनाहरूको तथ्यजाँच र प्रशिक्षकको काम गरिरहेका व्यक्ति हुन् । मिडिया नीतिका जानकार उनले सिएमआर नेपाल जर्नालिजम एकेडेमीको प्रमुख प्रशिक्षकका रूपमा पत्रकारहरूलाई डिजिटल अनुसन्धान, डाटा पत्रकारिता र एआईको प्रयोग बारे तालिम दिंदै आएका थिए । सिटी टाइम्स, अप्सरा साप्ताहिक र स्पेस टाइम दैनिक जस्ता छापा माध्यमहरूमा काम गरेका उनी नेपालमा इन्टरनेटको प्रयोग सुरु हुन थालेपछि डिजिटल पत्रकारिताको अभ्यासमा लागेका थिए ।

अनलाइन समाचार पोर्टल परेवा डटकम र पहिलो नेपाली ब्लग माइसंसारको सुरुआत पनि उनले गरेका थिए । उनी अहिले पनि माइसंसारमा 'सालोक्य'को नामबाट ब्लगिङ गर्छन् ।

उनीसँग नागरिक न्यूज, अन्नपूर्ण पोस्ट् डटकम, पहिल पोस्ट डटकममा सम्पादकीय नेतृत्व गरेर काम गरेको अनुभव छ ।

## वहालवाला प्रधानमन्त्री, मन्त्री र सांसदको पनि सम्पत्ति छानबिन हुनुपर्छ : शाही



बुटवल । राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता एवं प्रतिनिधि सभा सदस्य ज्ञानेन्द्र शाहीले वहालवाला प्रधानमन्त्री, मन्त्री र सांसद तथा पूर्व मेयरहरुको पनि सम्पत्ति छानबिन हुनुपर्ने बताएका छन् । सोमबार बुटवलमा पत्रकारहरुसँग कुराकानी गर्दै सांसद शाहीले वर्तमान सरकारले आफूहरुको सम्पत्ति छानवीन नगर्ने तर अरुको मात्रै गर्नु केपी ओली प्रवृत्ति भएको टिप्पणी गरे ।

वहालवाला प्रधानमन्त्री, मन्त्री र सांसदहरुमध्ये धेरैको जागिर वा व्यवसाय नगरी करोडौं देखि अर्ब बढी सम्पत्ति कहाँबाट आयो ? त्यसको स्रोत के हो भन्ने विषयमा आम नागरिकले प्रश्न गरिरहेको शाहीले बताए । 'सम्पत्ति छानबिन गर्ने हो भने सबैको गर्नुपर्छ, जागिर नगरी उहांहरुको करोडौंको सम्पत्ति कहाँबाट आयो ? पहिला आफैबाट सुरु गर्नुपर्छ,' सांसद शाहीले भने-'रास्वपाका नेताहरु अर्बपति छन् तर सरकारले आफ्नो सम्पत्ति छानबिन नगर्ने र अरुको मात्रै गर्ने विषय केपी ओली प्रवृत्ति हो ।'

शाहीले प्रधानमन्त्री बालेन्द्र शाहलाई इंगित गर्दै पूर्व मेयरहरुको सम्पत्ति छानबिन नगर्नुले सरकारको सुशासनको नियतमाथि प्रश्न उठेको बताए । हालका प्रधानमन्त्री साह काठमाडौं महानगरका पूर्व मेयर हुन् । शाहीले महानगरको मेयरले प्रदेश सरकारका मन्त्री र सांसदहरुको भन्दा कैयां गुणा बढी बजेट चलाउने भएकाले पूर्व मेयरहरुको पनि सम्पत्ति छानबिन हुनुपर्ने बताए ।

सांसद शाहीले भदौ २३ र २४ को घटनाबारे गौरीबहादुर कार्की नेतृत्वको छानवीन आयोग, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय अनुसन्धान विभाग र गृहमन्त्री सुदन गुरुङबारे बनेको आयोगको प्रतिवेदन सरकारले सार्वजनिक नगरेकोमा पनि आपत्ति जनाए । उनले हिम्मत भए ती सबै प्रतिवेदन सार्वजनिक गर्न सरकारलाई चुनौति दिए । 'हिम्मत भए सबै प्रतिवेदनहरु सार्वजनिक गर्नुपऱ्यो,कि मानवअधिकार आयोगलाई संवैधानिक होइन भन्नुपऱ्यो,' शाहीले भने-'यो सबै डिजाइनमा भएको काम हो ।'

शाहीले मुगका गणेश नेपाली आत्मदाह घटनापछि सरकारको रवैयाको कडा आलोचना गरे । सञ्चारमाध्यमका कार्यालय अगाडि आवागमन अवरोध गरी रास्वपा नेताकै गाडीहरु राखिएकोप्रति शाहीले आपत्ति जनाए ।

» बाँकी ३ पेजमा



## सम्पादकीय

# प्रेस स्वतन्त्रा विरोधी गतिविधि रोक

लोकतन्त्रमा प्रेस स्वतन्त्र हुन्छ । प्रेस स्वतन्त्रताविना लोकतन्त्रको कल्पना गर्न सकिंदैन । सोमबार बिहानै केही सञ्चार गृहको मुलढ्वार अघि शंकास्पद गाडी पार्किङ् गरी आवतजावत अवरोध गरेर प्रेसलाई आतंकित बनाउन खोजिएको छ । काठमाडौंमा कान्तिपुर दैनिक, हिमालय टेलिभिजन र अनलाइन खबरको कार्यालयको मुलढोका अघि गाडी पार्किङ् गरियो, यसले सञ्चारगृहमा कार्यरत पत्रकारलगायत कर्मचारीका गाडी आवतजावत बन्द भयो । यसले प्रेसलाई स्वतन्त्रतापूर्वक काम गर्न अवरोध भयो । सञ्चारगृहमाथि मनोवैज्ञानिक दबाबमा राख्न गरिएको हर्कत निन्दनीय छ ।

प्रेसले स्वतन्तापूर्वक काम गर्न पाउँदा लोकतान्त्रिक प्रणाली संस्थागत र तन्दुरुस्त हुन्छ । जब प्रेसमाथि दबाब श्रृजना गर्न खोजिन्छ, लोकतान्त्रिक प्रणाली संस्थागतमा बाधा उत्पन्न हुन्छ । अहिले भइरहेका क्रियाकलापले प्रेसलाई नियन्त्रण गर्न खोजिएको छ । सरकारका गतिविधिले प्रेसलाई नियन्त्रण गर्न खोजिएको संकेत मिलेको छ । स्वतन्त्र सञ्चारगृहमाथि लगाइएको आर्थिक नाकाबन्दीले त्यसैको एउटा उदाहरण हो । सोमबार सञ्चारगृहको कार्यालय अघि शंकास्पद गाडी पार्किङ् हुँदा प्रहरीले हटाउन बेवास्ता गर्नुले पनि सरकारका गतिविधि प्रेस स्वतन्त्रता मैत्री छैनन् । अझ गाडी पार्किङ् गर्नेहरु नै राष्ट्रिय स्वतन्त्र पार्टीका नेता कार्यकर्ता भएको खुल्न थालेको छ । कान्तिपुरको कार्यालयअघि गाडी पार्किङ् गर्ने रौतहटका रास्वपा नेता रवि जयसवालको भएको खुलेको छ । रविलाई गत जेठमा महामन्त्री भुपदेव शाहले अनुसन्धान विभागको सदस्यमा मनोनित गरेका थिए । अरु कार्यालयमा पार्किङ् भएका गाडीधनीको पनि पहिचान खुल्दै जाला । सुकुम्वासीप्रति सरकारले गरेको अमानवीय व्यवहार र गणेश नेपालीको आत्मदाहमा भएको मिडिया टिप्पणीलाई लिएर विरोध स्वरुप पार्किङ् भएको हुनसक्छ । लोकतन्त्रमा मिडिया सधैं प्रतिपक्ष हुन्छ । मिडियाको काम खबरदारी गर्ने हो, त्यो खबरदारीलाई पचाउन नसक्नेले मिडियालाई मनोवैज्ञानिक दबाबमा राख्नखोज्नु निन्दनीय छ । सरकारले नै त्यस्तो समूह खडा गरी काम गरेको भए अझ चिन्ताको विषय हो । यद्यपी सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टीले यस्तो गतिविधिको निन्दा गर्दै दोषीलाई कारबाही गर्न सरकारको ध्यानाकर्षण गराएको छ ।

अब सरकारले यस्ता अराजक गतिविधि गर्नेलाई कानुनअनुसार कारबाही गरी यी घटनामा आफ्नो संलग्नता छैन भन्ने पुष्टि गर्नुपर्छ । सरकारले कानुनी कारबाही गर्न बेवास्ता गरे सरकारको संलग्नता पुष्टि हुनेछ । प्रेस स्वतन्त्रता विरोधी यस्ता क्रियाकलाप रोक्ने काम सरकारको हो, सरकारले यस्ता क्रियाकलाप रोक्न बेवास्ता गर्दा अन्ततः सरकारको भूमिकामाथि प्रश्न उठ्ने छ । त्यसबेला राष्ट्रिय स्वतन्त्र पार्टीले विज्ञप्ति निकालेर औपचारिकता दिएर मात्रै हुन । यस्ता क्रियाकलापको जिम्मा लिंदै रोक्न सरकारलाई निर्देशन र घटनाप्रति क्षमा माग्नुपर्छ ।

# वर्तमान सरकार र अबको बाटो



सुदर्शन अधिकारी

प्रतिपक्षी सांसदहरुले पनि रचनात्मक कार्यको खुल्ला हृदयले सम्मान गरी देशको विकास र लोकतन्त्रको रक्षार्थ सकारात्मक भूमिका निर्वाह गर्न सक्नुपर्छ, जुन हालको प्रमुख आवश्यकता पनि हो । विरोधका लागि विरोध गर्ने परिपाटी त्याग्नुपर्छ । भ्रष्टाचारको समूल अन्त्य गर्नका लागि निर्मम भएर कार्य गर्न सक्नुपर्छ । वर्तमान सरकारलाई विनाअवरोध कम्तीमा एक कार्यकाल कार्य गर्न दिनुपर्छ अनि मात्र चाहेको नतिजा प्राप्त गर्न सकिएला ।

आवधिक निर्वाचन लोकतन्त्रको सौन्दर्य भएकोले यसको उपयोग हुने गरेको हो । यही अनुसार गत फागुनमा सम्पन्न निर्वाचनबाट रास्वपाले भारी बहुमतका साथ सरकार गठन गर्ने सुअवसर प्राप्त गरेको हो । जेनजी आन्दोलनबाट भएको परिवर्तनका कारण समयभन्दा करिब दुई वर्षपहिला नै यो निर्वाचन भएको थियो । जनअपेक्षा अनुरुप सुशासन कायम गर्दै देशमा व्याप्त बेथिति र भ्रष्टाचारको अन्त्य, रोजगारी सिर्जना, निर्यात वृद्धिजस्ता सुधारको आशाका साथ नागरिकले नयाँ दललाई ताजा जनादेश दिएका हुन् । एउटै दललाई पूर्ण बहुमत दिएर लोकतन्त्र, विकास र देशको सार्वभौमिकताप्रति जिम्मेवार बन्न पनि खबरदारी गरेका छन् ।

कतिपय जानकार तथा नेताहरुसमेत यसै निर्वाचन प्रणालीबाट एउटै दलले पूर्ण बहुमत अउन सक्दैन भन्ने तर्क गरिरहँदा जुन परिणाम आयो, त्यसले पनि जनताले चाहेमा बहुमत दिन सक्दा रहेछन् भन्ने पुष्टि भएको छ ।

आवधिक निर्वाचन लोकतन्त्रको सुन्दरता भएकोले यसको प्रयोग गरी आम नागरिकमाझ गएर दलहरुले जनमत कस्तो रहेछ र कुन दलको पक्षमा रहेछ भन्ने परीक्षण गर्ने पहत्वपूर्ण अवसर पनि हो निर्वाचन । त्यसैले त जनता सार्वभौम छन् भनिन्छ । सोही कारण हाम्रो संविधानमा पनि सार्वभौमसत्ता सम्पन्न भनेर उल्लेख गरिएको छ ।

यसपटकको निर्वाचनमा लोकतन्त्रका लागि लामो समय लडेका पुराना दलहरुले नराम्रोसँग पराजयको सामना गर्नुपर्‍यो । जनता नै जनार्दन भनिनुको कारण पनि जनमतबाट कसलाई कुन स्थानमा राख्ने भन्ने निर्णय गर्छन् आफ्नो अमूल्य मतमार्फत् । जनपक्षीय कार्य गर्न नसक्दा मतमार्फत् सत्ताबाहिर बस्ने आदेश दिने शक्तिशाली जनमतको कदर गरी दलहरुले पनि आ-आफ्नो भूमिका निर्वाह गर्नै पर्छ । ताजा जनादेशबाट निर्मित नयाँ सरकारले आम नागरिकले अपेक्षा गरेअनुरुपका कार्यसम्पादन गर्न गम्भीर भएर काम गर्न सक्नुपर्छ ।

देशमा विकासका कार्य तथा सुशासन कायम गर्न पनि स्थिर र बलियो सरकारको खाँचो रहन्छ । हुन त अहिलेको परिस्थितिमा चुनौती पनि रहेको छ । आज दैनिक बरिब तीन हजारका दरले रोजगारीमा युवावर्ग विदेश जान विवश रहेका छन् । यो समस्याको समाधान गर्न रोजगारी सिर्जना गर्दै देशको विकासको मेरुदण्डको रुपमा रहेको कृषिक्षेत्रमा आम युवा जमातलाई आकर्षित गर्ने कार्यमा पनि विशेष कदम चाल्नुपर्ने खाँचो छ । कृषि पेसालाई मर्यादित र आकर्षणको क्षेत्रको रुपमा विकास गर्नका लागि पनि प्रभावकारी कार्यक्रम ल्याउनुपर्ने देखिन्छ ।

दिनानुदिन कृषि पेसा छाडेर अन्य पेसातिर जानेहरुलाई कृषिमा नै भविष्य उज्ज्वल रहेको छ भन्ने वातावरण सिर्जना गर्ने नवीन र प्रभावकारी कार्यक्रमहरु ल्याएर कार्यान्वयनमा लैजान सक्नुपर्छ । कृषिमा लाग्ने सक्कली किसानलाई मात्र कृषि अनुदान दिने प्रभावकारी संयन्त्रको निर्माण गरिनुपर्छ । जमिनमा गएर खेतीपाती नै नगर्ने पहुँचवाला नक्कली किसानले कृषिमा प्रदान गरिने अनुदान पाउने अवस्थाको अन्त्य गरिनुपर्छ । समयमा रासायनिक मलको व्यवस्था, बजारको सहजता, प्राविधिज्ञको सेवा पनि किसानका लागि सहजरुपमा पाउने वातावरणको सिर्जना गर्नुपर्छ ।

हरेक देशको परराष्ट्र नीति देश, लोकतन्त्र र आम नागरिकको हितका पक्षमा हुनुपर्छ । यसका लागि छिमेकी देशलगायत अन्य मित्रराष्ट्रहरुसँग मैत्रीपूर्ण सम्बन्धको विकासमा पनि जोड दिनुपर्नेछ । विदेश नीति सरकार फेरिँदा पनि नबदलिने र सार्वभौमिकताको जगेर्ना गर्ने प्रकारको हुनु जरुरी हुन्छ । हाम्रो अभ्यासमा भने सरकार फेरिएपछि विदेश नीतिमा पनि परिवर्तन आउने गरेको छ । विदेश नीति सन्तुलित र देशको हितमा रहने हुनुपर्छ भन्ने विषयमा कसैको पनि विमति नरहला । क्षणिक स्वार्थ र लाभमा सार्वभौमिकतामा आँच आउने कार्य गरिनुहुँदैन । अहिलेको सरकार यस विषयमा गम्भीर हुनु जरुरी छ ।

आजको मूल र जटिल समस्याको रुपमा सिर्जना भएको छ बेरोजगारी । यस समस्याको समाधान छिटो र जनअपेक्षाअनुसार चाँडो गर्न सकिने अवस्था छैन । यसका लागि दीर्घकालीन रणनीति निर्माण गरी क्रमिक रुपमा रोजगारी सिर्जना गर्दै स्वदेशमा नै युवा जनशक्ति श्रम गर्न तत्पर रहने अवस्थाको निर्माणमा जोड दिनुपर्छ । यसका लागि वार्षिक ५० हजार श्रमिकलाई रोजगारी दिन सक्ने गरी उद्योग स्थापना गर्ने दिशामा कार्य गर्नुपर्ने देखिन्छ । नयाँ उद्योग स्थापना गर्न ठूलो रकमको आवश्यकता पर्छ । त्यसैले पहिलेदेखि नै सञ्चालनमा रहेका तर हाल रुग्ण बनेका उद्योगहरुलाई पुन सञ्चालनमा ल्याउनेतर्फ ध्यान केन्द्रित गर्नुपर्छ ।

हेटौंडा औद्योगिक क्षेत्रमा रहेका दर्जनौं उद्योहरु बन्द भएका छन् । तिनलाई फेरि सञ्चालनमा ल्याई रोजगारी सिर्जना गर्ने हो भने आर्थिक विकास, उत्पादनमा वृद्धि अनि गार्हस्थ्य उत्पादनमा समेत योगदान दिन सकिन्छ ।

यदि सरकारले साँच्चै कार्य गर्न चाहने हो भने आर्थिक स्रोतहरु पनि सहजरुपमा प्राप्त गर्न सकिने उपायहरु नभएका होइनन् । उद्योग सञ्चालनमा ल्याउनका लागि आवश्यक रकम कर्मचारी सञ्चय कोष तथा नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषजस्ता संस्थाबाट निश्चित समयमा न्यूनतम ब्याजमा ऋण लिएर पनि कार्य गर्न सकिन्छ । खाँचो रहेको छ, मात्र दृढ इच्छाशक्तिको । जहाँ इच्छा त्यहाँ उपाय भनेझैं आर्थिक स्रोतहरुको व्यवस्थापनमा पनि खासै समस्या देखिँदैन ।

उद्योग नै त्यस्तो महत्वको क्षेत्र हो, जसले एकै पटक सयौं श्रमिकलाई रोजगारी प्रदान मात्र नगरी उत्पादनमा वृद्धि गर्छ भने व्यापारको विकास र विस्तारमा पनि महत्वपूर्ण भूमिका खेलेको हुन्छ । उत्पादित सामग्रीले बजार पनि सहजरुपमा प्राप्त गर्न सक्ने अवस्था रहेको छ । दृष्टान्तका लागि कपडा उद्योगबाट उत्पादित कपडाहरु नेपाल सरकारका सबै सरकारी कर्मचारीहरुले कार्यालय पोशाकको रुपमा लगाउनुपर्ने नीति बनाएर करिब ४ लाख कर्मचारीहरुले प्रयोग गर्ने वातावरण सिर्जना गर्न सकिन्छ ।

यसअन्तर्गत निजामती कर्मचारी, शिक्षक, सेना, जनपथ प्रहरी, सशस्त्र प्रहरीलगायत बैंकहरुका कर्मचारी समेट्न सकिएमा सहजरुपमा उद्योगबाट उत्पादित कपडाका लागि बजारको समस्या पर्दैन । त्यसबाहेक आम नागरिकले पनि प्रयोग गर्दा सहजरुपमा उद्योग सञ्चालन गर्न सकिन्छ । यस्ता सवालमा विगतका सरकारको ध्यान जान सकेन । अहिलेको सरकारले बढ्दो बेरोजगारी समस्याको समाधानका लागि यस्ता कदममार्फत् उपलब्धि प्राप्त गर्न सक्ने उच्च सम्भावना रहेको देखिन्छ । अर्को रोजगारी सिर्जना गर्न सकिने ज्यादा सम्भावना रहेको क्षेत्र पर्यटन हो । यस क्षेत्रमा व्यवस्थित रुपमा पर्यटक आकर्षित गर्ने प्रभावकारी उपायहरुको अवलम्बन गर्न सिकन्छ । हाम्रा सयौंका संख्यामा रहेका पर्यटकीय स्थलमा थप सेवा तथा सुविधाको विस्तार गरी पर्यटकहरुलाई सुरक्षाको प्रत्याभूति दिलाउने कार्यमा जोड दिनुपर्छ ।

नयाँ पर्यटकीय स्थलहरुको खोजी गरी त्यस्ता स्थलहरुलाई व्यवस्थित र आकर्षक बनाई अझ ज्यादा पर्यटकलाई नेपाल भ्रमण गर्न प्रेरित गर्न सकिन्छ । यसबाट विदेशी मुद्राको आर्जन मात्र नभई रोजगारी सिर्जना तथा उत्पादनमा समेत सकारात्मक परिणाम देखिन्छ । सरकार यदि जटिल समस्या देखा परेमा त्यसलाई केही मात्रामा भए पनि समाधान गर्न सकिन्छ भन्ने अठोटका साथ कार्यसम्पादन गर्नेतर्फ लाग्नुपर्छ । रास्वपामा करिब आधाजति सांसदहरु आफ्नो क्षेत्रमा जानकार र विज्ञता हासिल गरेका छन् । उनीहरुको दक्षता राष्ट्रहितमा लगाउँदै जनअपेक्षा पूरा गर्नका लागि व्यवहारमा नै परिणाम देखिने गरेर कार्यक्षेत्रमा जानुपर्ने खाँचो छ ।

अहिले शिक्षा र स्वास्थ्य क्षेत्रमा बेथिति छ । शिक्षा र स्वास्थ्य नै त्यस्तो महत्वका क्षेत्र हुन्, जसले बहुआयामिक प्रभाव पारेको हुन्छ । त्यसैले निम्न-मध्यम वर्गका लागि हालको शिक्षा र स्थास्थ्य ज्यादै खर्चिलो रहेको वास्तविकता मनन गरी सर्वसुलभ शिक्षा र स्वास्थ्य सेवा प्राप्त गर्न सकिने अवस्था सिर्जना गर्नमा जोड दिनुपर्छ । त्यसै गरी नागरिकमा करको भार पार्ने कार्य भइरहेकोमा त्यसलाई पनि सुधार गरी करका दरहरुमा सरलता ल्याउनुपर्ने देखिन्छ ।

स्थानीय तहले पनि कर लिने अनि संघीय सरकारले पनि फेरि कर असुल्ने गर्दा नागरिकमा सरकार र कर प्रणालीप्रति नकारात्मक धारणाको विकास भएको छ । यस समस्याको समाधान गर्न कर प्रणाली व्यावहारिक बनाउने दिशामा ध्यान दिनु जरुरी छ । आम नागरिकलाई सहज हुने विषयमा विपक्षी दलहरुले पनि सहयोग गर्नु जरुरी छ । यसप्रति ज्यादै संवेदनशील भई कार्यसम्पादनमा लाग्नुपर्ने खाँचो छ । अहिलेको सरकारले माथि उल्लेख गरिएका विषयमा नतिजा देखिने गरी कार्यारम्भ गर्न विलम्ब गर्नुहुँदैन । बजेटमा समेटिएका विषयहरुमा विशेष ध्यान दिएर प्रभावकारी कार्यान्वयनमा लाग्नुपर्छ । सुशासन कायम गर्ने दिशामा थप कार्यसम्पादन गर्नुपर्ने खाँचो पनि उत्तिकै रहेको छ ।

प्रतिपक्षी सांसदहरुले पनि रचनात्मक कार्यको खुल्ला हृदयले सम्मान गरी देशको विकास र लोकतन्त्रको रक्षार्थ सकारात्मक भूमिका निर्वाह गर्न सक्नुपर्छ, जुन हालको प्रमुख आवश्यकता पनि हो । विरोधका लागि विरोध गर्ने परिपाटी त्याग्नुपर्छ । भ्रष्टाचारको समूल अन्त्य गर्नका लागि निर्मम भएर कार्य गर्न सक्नुपर्छ । वर्तमान सरकारलाई विनाअवरोध कम्तीमा एक कार्यकाल कार्य गर्न दिनुपर्छ अनि मात्र चाहेको नतिजा प्राप्त गर्न सकिएला ।

समाचारपत्रबाट

# सेयर बजार ३०.६० अंकले घट्यो



काठमाडौं । सोमबार सेयर बजार करिब ८ महिनाकै न्यून बिन्दुमा झरेको छ । यस दिन बजार परिसूचक नेप्से ३०.६० अंक घटेसँगै २५७० अंकमा कायम भएको छ ।

नेप्सेको यो अंक गत मंसिर ४ गतेयताकै न्यून हो । सो दिन नेप्से २५६० अंकमा थियो ।

बजारमा उच्च गिरावट आउँदा कारोबार रकम भने बढेको छ ।

शुक्रबार ६ अर्ब ८६ करोडको कारोबार भएकोमा सोमबार ७ अर्ब ४६ करोडको भयो । यो कारोबार रकम भने बैशाख ९ यताकै उच्च हो ।

दिनभरजसो बजार रातो रह्यो । २२ कम्पनीको मूल्य बढ्दा २४९ को घट्यो भने ४ को स्थिर रह्यो । सबै समूहगत सूचक घटेका छन् । व्यापार सबैभन्दा धेरै २.३० प्रतिशत घट्यो ।

बैंकिङ ०.६८, विकास बैंक ०.८३, फाइनान्स १.३२, होटल तथा पर्यटन १.९९, जलविद्युत् १.९८, लगानी ०.८८, जीवन बिमा १.०७, उत्पादन तथा प्रशोधन १.३६, माइक्रोफाइनान्स ०.८७, निर्जीवन बिमा ०.७५, अन्य ०.८५ तथा व्यापार २.३० प्रतिशत घटे । सामुदायिक लघुवित्तको मूल्य ५.३७ तथा आत्मनिर्भर लघुवित्तको ५ प्रतिशत मूल्य बढ्यो । उपकार लघुवित्तको मूल्य ११.२८ प्रतिशत घट्यो ।

बुद्धभूमि हाइड्रोपावरको ७.४७, दिव्यश्वरी हाइड्रोपावरको ६.५१, हिमस्टार ऊर्जाको ६.४२ तथा टक्सार पिखुवाखोला हाइड्रोपावरको ६.२४ प्रतिशत मूल्य घट्यो । धेरै कारोबार हुनेमा ऋणपत्र अगाडि रहे ।

# औषधि प्रयोगसम्बन्धी यस्ता गल्ती गर्दै हुनुहुन्छ ? गर्न सक्छ गम्भीर असर



हामीमध्ये अधिकांशले सामान्य स्वास्थ्य समस्या देखिएमा पनि फार्मेसीमा गएर औषधि किनेर खाइहाल्ने गल्ती गर्छौं । कहिलेकाहीँ जथाभावी रूपमा वितरण भएका औषधि पनि खान्छौं । कुनै पनि औषधिको सेवन गर्नुअघि त्यस औषधिको बारेमा जानकारी लिएर मात्रै सेवन गर्नुपर्ने औषधि विज्ञ रमेश शर्मा पौडेल बताउँछन् ।

उनका अनुसार औषधिको प्रयोग गर्दा मानिसहरूले गर्ने मुख्य गल्ती डाक्टरको सल्लाहबिना जथाभाबी औषधि खानु र निको भएको महसुस हुनासाथ औषधिको कोर्स बिचैमा छोड्नु पनि हो । यसले गर्दा रोग निको नहुने मात्र होइन, शरीरमा एन्टिबायोटिक रेसिस्टेन्स (औषधिले काम नगर्ने अवस्था) जस्तो गम्भीर समस्या निम्तिन सक्छ ।

औषधि प्रयोग गर्दा सामान्यतया मानिसहरूले गर्ने मुख्य गल्तीहरू यस प्रकार छन् ः

**सेवन र समयसम्बन्धी गल्तीहरू**

कोर्स पूरा नगर्नुः अलिकति सन्चो हुने बित्तिकै औषधि खान छोड्नु ।

**समयको पालना नगर्नुः**

तोकिएको निश्चित समय (जस्तैः हरेक ८-८ घण्टामा) औषधि नखानु ।

**डोज फेरबदल गर्नुः**

आफ्नै मनले औषधिको मात्रा बढाउनु वा घटाउनु ।

**बिर्सिएपछि डबल खानुः**

अघिल्लो पटक खान बिर्सिएको भन्दै अर्को पटक डबल डोज खानु ।

**भण्डारण र उपभोगसम्बन्धी गल्तीहरू**

**गलत तरल पदार्थको प्रयोगः**

पानीको सट्टा चिया, कफी, वा दूधसँग औषधि खानु ।

**औषधि टुक्राउनुः**

नचपाई सिधैं निल्नुपर्ने क्याप्सुल वा कोटेड चक्कीलाई भाँचेर वा धुलो पारेर खानु ।

**गलत भण्डारणः**

घाम, ओस, वा धेरै तातो ठाउँमा औषधि राख्नु (जस्तैः भान्छा वा बाथरुम)।

**म्याद नाघेको औषधिः**

एक्सपायरी डेट नहेरी पुराना औषधिहरू प्रयोग गर्नु ।

परामर्श र जानकारीको कमी

एउटै प्रकृतिका दुईवटा फरक ब्रान्डका औषधिहरू झुक्किएर सँगै खानु ।

**लक्षण लुकाउनुः**

डाक्टर वा फर्मासिस्टलाई आफूले पहिलेदेखि खाइरहेका अन्य औषधि वा एलर्जीबारे नबताउनु ।

**अर्काको औषधि खानुः**

उस्तै लक्षण देखिँदैमा साथी वा परिवारका सदस्यलाई निको भएको औषधि आफूले पनि खानु । स्वास्थ्य खबरबाट

**सरकारी...**

सोमबार बिहान कान्तिपुर पब्लिकेसन्सको गेटमा शंकास्पद रुपमा छाडिएको बा ०१-०३४ च ८४८० नम्बरको गाडी रास्वपाका नेता रवि जयसवालले चढ्ने गरेको खुलेको छ । उक्त गाडी भर्खरै जयसवालले ज्योति कन्सर्नको नाममा बुकिङ गरेको तर बिक्रेता एसटी मोटर्सको नामबाट नामसारी नभइसकेको भेटिएको हो ।

जयसवाल रौतहटका गरुडा नगरपालिकाका प्रमुख कन्थमणि प्रसाद कलवार (जयसवाल) का छोरा हुन् । मेयर कन्थमणिले करिब एक महिना अघिमात्रै उक्त गाडी खरिद गरिएको जानकारी गराए ।

'हो, उक्त नम्बरप्लेट (बा ०१-०३४ च ८४८०) को गाडी मेरो छोरा (रवि) ले चढ्ने गरेको थियो । करिब एक महिना जति भयो गाडी किनेको,' उनले भने-'अहिलेसम्म पास गरिसकेको छैन ।'

उनका अनुसार, कहिले छोरा र कहिले चालकले गाडी चलाउने गरेका थिए । उनका छोरा रवि केहीसमय अघिमात्रै रास्वपा प्रवेश गरेर सक्रिय राजनीतिमा लागेका थिए । बाबु कन्थमणि भने नेकपा एमालेबाट मेयर निर्वाचित भएका थिए । रास्वपाले गत जेठ ८ गतेमात्रै उनलाई केन्द्रीय अनुसन्धान तथा अभिलेखीकरण विभागको सदस्य मनोनीत गरेको थियो । उनलाई रास्वपाका तत्कालीन महामन्त्री भूपदेव शाहले मनोनीत गरेका थिए । सोमबार बिहान कान्तिपुर पब्लिकेसन्स, अनलाइनखबर र हिमालय टेलिभिजनको गेट अगाडि शंकास्पद गाडी राखिएको थियो । प्रहरीले ती गाडीहरू क्रेनको मद्दतबाट उठाएको छ । यसबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी पवन भट्टराईले जानकारी दिए ।

नेपाली नेपाली कांग्रेसकी प्रमुख सचेतक वासना थापाले सञ्चारमाध्यमका मुख्य गेटमा सवारी साधन पार्किङ गरिएको घटनाको छानबिनको माग गरेकी छन् । कुन उद्देश्यले मिडियाको कार्यालय अगाडि गाडी पार्किङ् गरियो ? त्यसको छानबिन हुनुपर्ने उनको भनाइ छ ।

'शहरका सडकमा अव्यवस्थित पार्किङ् समस्याको रूपमा छ तर, आज सञ्चारमाध्यमका मुख्य गेटमा सवारी साधन पार्किङ् गरिएको घटनापछि केही स्वाभाविक प्रश्नहरू उठेका छन् । उक्त सवारीसाधन त्यहीँ किन र कसले पार्क गर्‍यो ?', उनले प्रश्न गरेकी छन्-'यो केवल संयोग थियो, वा यसको पछाडि कुनै उद्देश्य थियो? यदि उद्देश्य थिएन भने मिडिया संस्थाहरू प्रत्यक्ष प्रभावित हुने स्थान नै किन रोजियो ?'

कुनै आशङ्का गर्नुभन्दा पनि निष्पक्ष र विश्वसनीय छानबिन गर्न माग गरेकी छन् । उनले थपेकी छन्-'आधुनिक समाजमा स्वतन्त्र र निर्भीक सञ्चारमाध्यम लोकतन्त्रका महत्त्वपूर्ण आधारस्तम्भ हुन् । त्यसैले यस घटनाको सत्यतथ्य पारदर्शी ढङ्गले सार्वजनिक हुनु आवश्यक छ। यसले केवल घटनाप्रतिको विश्वास मात्र होइन, राज्यका निकायहरूप्रतिको जनविश्वास पनि सुदृढ बनाउँछ ।'

यस्तै एम्नेस्टी इन्टरनेसनल नेपालले जेनजी अभियन्ता माजिद अन्सारीलाई बिनासर्त तत्काल रिहा गर्न माग गरेको छ । एम्नेस्टीले सोमबार एक विज्ञप्ति जारी गर्दै माजिद अन्सारीलाई रिहाइ गर्न माग गरेको हो ।

कीर्तिपुरस्थित होल्डिङ सेन्टरमा रहेका सुकुमवासीप्रति ऐक्यबद्धता जनाउन त्यहाँ पुगेका माजिदसहित तीन जना जेनजी अभियन्तालाई शनिबार प्रहरीले पक्राउ गरेर हिरासतमा राखेको थियो । जसमा अन्य दुई जना सरिष्मा थापा र नेल्सन घतानी थिए ।

सामाजिक सञ्जालमा सार्वजनिक भएका भिडियोहरूमा प्रहरीहरूले तीनै जनालाई प्रहरीको गाडीमा राख्नुअघि उनीहरूमाथि गालीगलौज र कुटपिटसमेत गरी गैरकानुनी बल प्रयोग गरेको देखिएको भन्दै एम्नेस्टीले अपत्ति समेत जनाएको छ ।

यसबाट माजिद अन्सारीको अनुहारमा रगत लागेको र स्पष्ट चोटहरू देखिएको भन्दै एम्नेस्टीको विज्ञप्तिमा दुःख व्यक्त गरिएको छ । 'जबरजस्ती निस्कासित भएका पीडितहरूप्रति ऐक्यबद्धता व्यक्त गरेकै कारणले अभियन्ताहरूलाई स्वेच्छाचारी रूपमा गिरफ्तार गरी हिरासतमा राखिएको घटनाबाट नेपालमा अभिव्यक्ति स्वतन्त्रता र शान्तिपूर्ण भेला हुने अधिकार, तथा व्यक्तिगत स्वतन्त्रता र सुरक्षाको अधिकारको उल्लङ्घनसम्बन्धी गम्भीर चिन्ता पैदा गरेको छ,' एम्नेस्टी इन्टरनेसनल नेपालका निर्देशक निराजन थपलियाले भनेका छन्- 'यसले नेपालमा नागरिक स्वतन्त्रतामाथि डरलाग्दो खतरा देखिएको सङ्केत गर्दछ ।'

जबरजस्ती निस्कासित भएका पीडितहरूप्रति ऐक्यबद्धता व्यक्त गरेकै कारणले अभियन्ताहरूलाई स्वेच्छाचारी रूपमा गिरफ्तार गरी हिरासतमा राखिएको घटनाबाट नेपालमा अभिव्यक्ति स्वतन्त्रता र शान्तिपूर्ण भेला हुने अधिकार, व्यक्तिगत स्वतन्त्रताको अधिकारको उल्लङ्घनसम्बन्धी गम्भीर चिन्ता पैदा गरेको एम्नेस्टीको भनाइ छ ।

एम्नेस्टी इन्टरनेसनल मानव अधिकारका क्षेत्रमा काम गर्ने ख्यातिप्राप्त अन्तर्राष्ट्रिय संस्था हो । यस्तै अनलाइन खबर, हिमालय टेलिभिजन र कान्तिपुरका कार्यालय अगाडि शंकास्पद गाडी राखिएकोप्रति नेकपा एमालेले आपत्ति जनाएको छ ।

एमाले प्रचार विभाग प्रमुख निरज आचार्यले प्रेस नोट लेख्दै सञ्चारकर्मीलाई आतंकित पार्नेगरी गाडी राखिएकोप्रति आपत्ति जनाएका हुन् । 'कार्यालय गेटमा सवारी साधन तेर्स्याएर पत्रकारहरुको आवातआवात ठप्प पारिएको यो कार्य लोकतन्त्र र प्रेस स्वतन्त्रतामाथिको ठाडो प्रहार हो,' आचार्यले लेखेका छन्- 'स्वतन्त्र रुपमा समाचार संकलन र सम्प्रेषण गर्न पाउने संवैधानिक अधिकारको सुनिश्चितता गर्नु राज्यको दायित्व हो ।'

एमालेले सञ्चार क्षेत्रलाई भयभित बनाउने कामप्रति भर्त्सना गरेको छ । 'सञ्चारगृह र पत्रकारलाई भयभित बनाउने र काममा अवरोध पुर्याउने यो निन्दनीय र रहस्यमय घटनाको भर्त्सना गर्दछौं ।'- आचार्यले लेखेका छन् ।

यस्तै जेनजी अभियन्ता माजिद अन्सारीले आफूलाई प्रहरीले गैरकानूनी रूपमा पक्राउ गरी कुटपिट गरेको दाबी गर्दै आफ्नो जीवन र स्वतन्त्रताको सुरक्षा सुनिश्चित गरिदिन माग गरेका छन् । अस्पतालबाट वक्तव्य जारी गर्दै उनले सबै सम्बन्धित सरकारी निकाय, संघीय संसदका सदस्यहरू, प्रतिनिधि सभाअन्तर्गतको कानून, न्याय तथा मानव अधिकार समिति, नागरिक समाज, अन्तर्राष्ट्रिय मानव अधिकार समुदाय तथा मानव अधिकार रक्षकहरूसँग आफ्नो जीवन र स्वतन्त्रताको सुरक्षा सुनिश्चित गरिदि आग्रह गरेका हुन् ।

कीर्तिपुरको सुकुम्वासी होल्डिङ सेन्टरमा पुगेका अन्सारीलाई प्रहरीले गत शनिबार कुटपिट गरी नियन्त्रणमा लिएको थियो । प्रहरीको कुटपिटबाट घाइते भएका उनको त्रिवि शिक्षण अस्पतालमा उपचार भइरहेको छ ।

अन्सारीले आफूलाई पक्राउ गर्नुको कारणबारे अहिलेसम्म कुनै जानकारी नदिइएको, पक्राउ पुर्जी पनि नदेखाइएको तथा पक्राउको कानुनी हैसियतबारे कुनै स्पष्टता नरहेको दाबी गरेका छन् ।

अन्सारीले गृहमन्त्री र प्रहरी महानिरीक्षकसँग आफूलाई पक्राउ गर्नुको कारण सार्वजनिक रूपमा स्पष्ट पार्न माग गरेका छन् । यद्यपि अन्सारीका आरोपबारे नेपाल प्रहरी वा गृह मन्त्रालयको आधिकारिक प्रतिक्रिया सार्वजनिक भएको छैन । उनी शनिबार सुकुम्वासीको रहेको होल्डिङ सेन्टरमा बाढी पसेपछि अनुगमनका लागि पुगेका थिए । तर, प्रहरीले उनीसहितका व्यक्तिहरुलाई धरपकड गरी नियन्त्रणमा लिएको थियो । अन्य व्यक्ति रिहाइ भए पनि अस्पतालमा रहेका उनलाई प्रहरीले घेरा हालिरहेको छ ।

अस्पतालमा उपचार गराइरहेका उनलाई जबरजस्ती डिस्चार्ज गराएर जिल्ला प्रशासन कार्यालयमा लैजाने प्रयास भइरहेको अन्य जेनजी अभियन्ताहरुले बताएका छन् । उनलाई प्रशासन कार्यालय उपस्थित गराएर सार्वजनिक मुद्दा अगाडि बढाउने तयारी गरिएको एक अभियन्ताले बताए ।

माजिदले भने मानवअधिकार आयोगको रोहबरमा मात्रै आफू अस्पतालबाट प्रशासनमा उपस्थित हुन बताएका छन् । अन्यवा उपस्थित नहुने उनको भनाइ छ ।

गैरकानुनी रुपमा पक्राउ गरी अन्सारीलाई दबाब दिइएको सूचनापछि अहिले मानव अधिकार आयोगको टोली अस्पताल जाँदैछ । अस्पतालमा रहेका माजिदलाई रातभर पनि सादा पोशाकका प्रहरीले घेरेका थिए । राति अस्पताल बाहिर रहेका प्रहरी बिहान उनको बेडमै पुगेका थिए ।

**मिडियालाई...**

सञ्चार माध्यमलाई त्रसित बनाउने कार्य स्वीकार्य नहुने भन्दै उनले यो घट्नाको गम्भीर रूपमा अनुसन्धान गरी आवश्यक कारबाही गर्न माग गरिन् ।

उनले भनेकी छन्- 'यो विषयमा हामीले सरकारको गम्भीर ध्यानाकर्षण गरायौँ । मिडियालाई त्रसित बनाउने कार्यमा संलग्न जोकोही होस् यसलाई गम्भीर रुपमा लिएर भोलिको दिनमा पनि उचित छलफल गर्नुपर्छ ।'

अनलाइनखबर, हिमालय टीभी र कान्तिपुर मिडिया हाउसका कार्यालयअघि सोमबार बिहान शंकास्पद रुपमा गाडी पार्किङ गरिएको थियो । गाडीहरू कार्यालय प्रवेशमा अवरोध गर्ने गरी पार्किङ् गरिएको थियो ।

एकै समयमा उस्तै तरिकाले पार्किङ गरिएको थियो । शंकास्पद तरिकाले पार्किङ् गरिएपछि मिडिया हाउसहरूले प्रहरीलाई खबर गरेका थिए । त्यसपछि तीनवटै मिडिया हाउसमा प्रहरी आएर गाडीधनीको सोधखोज गरेका थिए । कसले यस्तो गऱ्यो भन्ने अहिलेसम्म प्रहरीले ठोस रुपमा पत्ता लगाएको छैन ।

मिडियाहरूको आवतजावतमा अवरोध गर्ने गरी शंकास्पद रूपमा पार्किङ गरिएको घटनाबारे संसदीय समितिमा चासो व्यक्त भएको हो । यसबाहेक अन्य सरोकारवालाहरूले पनि सञ्चारमाध्यमको कार्यालयको गेटमै शंकास्पद रूपमा गाडी पार्किङ् गरी त्यहाँ कार्यरत पत्रकारलाई सञ्चारकर्ममा जान अवरोध र आतंक सिर्जना गरिएकोप्रति आपत्ति जनाएका छन् ।

पत्रकार महासंघले विज्ञप्ति जारी गर्दै सञ्चारमाध्यम र पत्रकारको अधिकार उपभोगमा अवरोध पुऱ्याउने यो निन्दनीय र रहस्यमय घटनाको तत्काल छानबिन गर्न र दोषीमाथि आवश्यक कानुनी कारबाही गर्न सरकारको ध्यानाकर्षण गराएको छ ।

महासंघ अध्यक्ष निर्मला शर्मासहित टोलीले अनलाइनखबर लगायत हाउसमा गएर स्थितिको निरीक्षण समेत गरेका थिए । अध्यक्ष शर्माले घटना शंकास्पद र नियोजित प्रकृतिको भएको भन्दै पत्रकार र मिडिया हाउसको सुरक्षाका विषयमा संवेदनशील हुन सरकारलाई आग्रह गरेकी छिन् ।

**वहालवाला...**

उनले गृहमन्त्री सुदन गुरुङले टिओबी क्लब चलाए जसरी ताण्डव गरेको आरोप लगाउँदै देशमा राज्य आतंक फैलाइएको टिप्पणी गरे ।

नगर प्रहरीको दुर्व्यवहारले गणेश नेपाली आत्मदाह गर्न बाध्य भएको तिप्पणी गर्दै सांसद शाहीले आगोले जलेका नेपालीको उपचार बर्न अस्पताल किर्तिपुरमा नगरी वीर अस्पतालमा गरिएकोमा पनि सांसद शाहीले प्रश्न उठाए । 'गणेशमाथि अपराधी जस्तो व्यवहार भयो, बर्न अस्पताल लानुपर्नेमा वीरमा किन लगियो ?,' शाहीले भने-'गृहमन्त्री सुदन गुरुङले भारत लैजाने भनेर युट्युबरमार्फत प्रचार गराउनुभयो, तर किन लगिएन ?' गृहमन्त्री गुरुङले गणेशको उपचारको सट्टा युट्युबरका लागि कन्टेन्ट क्रियट गरिदिएको आरोप लगाए ।

सिंहदरबार जलाएर आएकाहरुले नै अनावश्यक राजनीति गरेको आरोप लगाउदै शाहीले जरिवाना तिराउने तिर भन्दा देशभर पार्किङ् स्थलहरु बनाउन सरकारलाई सुझाव दिए ।

अहिलेको सरकारलाई गरीबको पसिनाको गन्ध पनि गन्हाउने जस्तो अर्बपतिहरुको सरकारको संज्ञा दिँदै शाहीले बेराजगारलाई रोजगार र सडकमा व्यवसाय गर्नेलाई उपयुक्त स्थान दिन माग गरे । 'यो सरकार त गरिबको पसिनाको गन्ध गन्हाउने जस्तो भयो, नेपाल गरीबहरुको देश हो, सबै बालेन साह जस्ता धनी हुँदैनन्,' सांसद शाहीले भने-'नेपाल गरीबहरुको पनि देश हो, सिंहदरबार जलाउने र उनीहरुका दासहरुको देश होइन, राष्ट्रवादीहरुको देश हो ।'

सांसद शाहीले नेपाल प्रहरीका प्रमुख दानबहादुर शाहीलाई सत्ताको चाकडी नगर्न र नागरिकमाथि बल प्रयोग नगर्न सुझाव दिए । 'सत्ताको चाकडी त्यति मात्र गर्नू जति नीतिसंगत हुन्छ,' शाहीले भने-'नेपाल लोकतान्त्रिक राज्य हो,प्रश्न सोध्नेमाथि बल प्रयोग नगर ।'

पार्टीमा आएको विभाजनबारे पत्रकारको प्रश्नमा शाहीले पार्टीको महाधिवेशनपछि सबै राष्ट्रवादी शक्तिहरु एकजुट हुनुपर्ने पक्षमा रहेको बताए ।

# ई-रिक्सा व्यवस्थापनको माग गर्दै बुटवल उप-महानगरलाई ७ बुँदे ज्ञापनपत्र

बुटवल । बुटवल उप-महानगरपालिकामा सञ्चालनमा रहेका ई-रिक्साको व्यवस्थापनको माग गर्दै बुटवल संयुक्त ई-रिक्सा संघर्ष समितिले नगर प्रमुख खेलराज पाण्डेयलाई ७ बुँदे मागसहित ज्ञापनपत्र बुझाएको छ ।

समितिले पटक-पटक दर्ता भएका १,४४० ई-रिक्साको उचित व्यवस्थापन गर्न आग्रह गर्दा पनि नगर प्रमुखले मागप्रति चासो नदिएको आरोप लगाएको छ । ज्ञापनपत्रमा बुटवलमा सञ्चालनमा रहेका ई-रिक्साको व्यवस्थापन नहुँदा चालक तथा व्यवसायी अन्योलमा परेको र दैनिक ठूलो संख्यामा ई-रिक्सा सञ्चालन भइरहेकाले तत्काल स्पष्ट नीति आवश्यक भएको उल्लेख गरिएको छ । संघर्ष समितिले नगरले अविलम्ब लिखित निर्णयसहित व्यवस्थापन प्रक्रिया अघि नबढाए आन्दोलनलाई अझ सशक्त बनाइने चेतावनी दिएको छ ।

ज्ञापनपत्रमार्फत समितिले १,४४० दर्ता भएका ई-रिक्साको वैज्ञानिक व्यवस्थापन, २०७६ सालदेखि दर्ता प्रक्रियामा रहेका ई-रिक्सालाई सहज रूपमा सञ्चालनको व्यवस्था, कर प्रणालीलाई व्यवहारिक बनाउने, ई-रिक्साको सञ्चालनसम्बन्धी नगरको ऐन संशोधन गरी यातायात ऐनअनुसार मिलाउनुपर्ने, एकतर्फी र विवादास्पद निर्णय सच्याउनुपर्ने, नगरभर ई-रिक्साको उचित व्यवस्थापन गर्नुपर्ने तथा तिनाउ पुल र राजमार्ग चौराह क्षेत्रमा देखिएका सञ्चालनसम्बन्धी समस्या समाधान गर्नुपर्ने माग राखेको छ ।

त्यस्तै, नगरको सरसफाइ र सुन्दरीकरण अभियानमा ई-रिक्सा चालकहरूलाई समेत सहभागी गराउनुपर्ने माग पनि समितिले अघि सारेको छ ।

संघर्ष समितिले आफ्ना मागप्रति उपमहानगरपालिकाले शीघ्र निर्णय नगरे थप आन्दोलनका कार्यक्रम घोषणा गर्ने चेतावनी दिएको छ ।

# बर्खामा यातायात सञ्चालन गर्न कल्भर्ट र पक्की पुल निर्माण



ढोरपाटन । बागलुङको सबैभन्दा विकट पालिका मानिन्छ तमानखोला गाउँपालिका । यहाँ एक गाउँदेखि अर्को गाउँ पुग्न थुप्रै पहाड र खोला पार गर्नुपर्छ । हिउँदको समयमा जसोतसो आवतजावत गरे पनि बर्खाको समयमा कठिन हुन्छ । गाउँपालिकाको केन्द्र बोङ्गादोभानदेखि वडा कार्यालय पुग्न घण्टौँ लाग्छ । बर्खाको समयमा विभिन्न खोलाहरुमा पुल नबन्दा नागरिकले सास्ती खेप्दै आएका छन् ।

गाउँपालिकाले बाह्रै महिना सवारीसधान सञ्चालन गर्नका लागि लाखौँ रुपैयाँ खर्च गरेर ठाउँठाउँमा पुल तथा कल्भर्ट निर्माण गरे पनि अझै धेरै स्थानमा बनाउन बाँकी छ । पालिकाले यसवर्ष मात्रै छ वटा खोलामा कल्भर्ट र पक्की पुल निर्माण गरेको छ । तर अझै पनि वडा नम्बर ३, ४ र ६ वडामा वर्खामा पालिका केन्द्रबाट सिधा यातायात सञ्चालन हुँदैनन् ।

रु एक करोड ७० लाख खर्चे घट्टबोघाट, सिंखोलाघाट, नुनथला घाट, पात्लेखोलामा दुई वटा र सेर्माघाटमा एउटा पुल निर्माण गरेको गाउँपालिकाका अध्यक्ष जोकलाल बुढा मगरले जानकारी दिए । पालिकाका छ वटै वडामा बाह्रै महिना यातायात सञ्चालनका लागि अझै पाँच स्थानमा पुल निर्माण गर्न आवश्यक रहेको उनको भनाइ छ ।

अध्यक्ष बुढामगरका अनुसार चालु आर्थिक वर्षमा पुल बनेपछि वडा नम्बर ५ खुंखानीमा बाह्रै महिना सवारीसाधान चल्न सक्ने भएको छ । वडा नम्बर ६ को नर्जाखानी पुग्न बागमानघाट, वडा नम्बर ३ को तमान र वडा नम्बर ४ को लाम्मेला पुग्न धोमैघाट पुल बनाउनुपर्ने अध्यक्ष बुढामगरले बताए ।

तमानखोला गाउँपालिका-६ का अध्यक्ष चित्रबहादुर छन्त्यालले पालिकाको केन्द्र बोङ्गादोभानदेखि वडा कार्यालयसम्म आउनका लागि छ स्थानमा पुल तर्नुपर्ने बताए ।

अहिलेसम्म छ वटामध्ये हालसम्म पाँच स्थानमा पुल तथा कल्भर्ट बनेको भन्दै अब बागमानघाटमा पुल बन्यो भने बाह्रै महिना सहज रुपमा पालिका पुग्न सकिने उनले जानकारी दिए ।

# राप्ती तटीय क्षेत्रका नागरिकलाई नदी तर्न डुङ्गाकै भर

राँझा । बाँकेको नरैनापुर र डुडुवा गाउँपालिकालाई जोड्न राप्ती नदीमा पुल निर्माण नहुँदा तटीय क्षेत्रका नागरिक अझै पनि डुङ्गामा जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् ।

नरैनापुर गाउँपालिका-६ गङ्गापुरका स्थानीय अगुवा सोहनलाल यादवले डुडुवा गाउँपालिकाको होलिया र नरैनापुर गाउँपालिकाको गङ्गापुरलाई जोड्ने राप्ती नदीमा पुल नबन्दा यसक्षेत्रका हजारौ नागरिकले जोखिमपूर्ण यात्रा गर्न बाध्य रहेको बताए ।

उनका अनुसार, राप्तीपारिका आधा दर्जनभन्दा बढी गाउँका बासिन्दा खेतबारीको काम, आफन्त भेटघाट तथा हाटबजारका लागि दैनिक रूपमा डुङ्गा चढेर नदी वारपार गर्ने गर्दछन् । राप्तीसोनारी गाउँपालिका-७कोखल्लाझगडिया, नरैनापुरको कुडुवा, पिप्रहवालगायत गाउँका बासिन्दाले नियमित रूपमा डुङ्गा प्रयोग गर्दै आएका छन् ।

राप्ती सोनारी-७ खल्ला झगडिया नयाँबस्तीका शङ्कर यादवले पक्की पुल प्रयोग गर्न सिधनियाघाट पुग्न निकै टाढा पर्ने भएकाले डुङ्गा चढ्नु बाध्यता भएको बताए । नदी तटीय क्षेत्रका नागरिकको खेती किसानी समेत राप्ती नदी वारि र पारि हुने भएकाले यतिबेला धानको बीउ राप्ने कामको लागि पनि डुङ्गाबाट नदी वारपार गर्नुपर्ने बाध्यता रहेको यादवले जानकारी दिए ।

"नदी तर्न पक्की पुलसम्म पुग्न धैरै टाढा जानुपर्छ । यता झोलुङ्गे पुल पनि छैन, त्यसैले डुङ्गा चढ्नुको विकल्प छैन", उनले भने-"हिउँद होस् वा वर्षात्, हामी डुङ्गाबाटै राप्ती नदी वारपार गर्नुपर्ने बाध्यता छ ।"

डुडुवा गाउँपालिका-१ होलियाका कुडुवा, कृषि चौफेरी, बोर्डर चौफेरी, छिटइपूर्वा, टेपरी, पिप्रहवा, खडैचा, कन्दइपूर्वा, सन्तलिया र नयाँबस्तीका सयौँ बासिन्दाका लागि डुङ्गामार्फत् राप्ती नदी वारपार गर्नु दैनिकी बनेको होलियाका स्थानीय अगुवा झगरु लोनियाले जनाए ।

नेपाल सरकार
गृह मन्त्रालय
## जिल्ला प्रशासन कार्यालय स्याङ्जा
### प्रमाणित गरिएको सम्बन्धमा



**जो जससँग सम्बन्धित छ ।**

स्याङ्जा जिल्ला पुतली बजार नगरपालिका वडा नं. ०२ निवासी भारतीय भू.पू. सैनिक नं. ५२३९३३६ का खुदबहादुर गुरुङको श्रीमती चित्रकुमारीको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर चित्रकुमारी गुरुङ, जन्म मिति वि.सं. २०१२।१०।१५ भएको साथै निजको पतिको भारतीय पेन्सन अभिलेखमा नामथर चित्रकुमारी, जन्म मिति ई.सं. १४।१०।१९५० वि.सं. २००७।०६।२८ उल्लेख भई फरक-फरक अभिलेखमा फरक-फरक नामथर जन्म मिति भएता पनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त नगरपालिका ०२ नं. वडा कार्यालयको च.नं. ८६९, मिति २०८३।०३।१६ को पत्रबाट लेखी आएकोले भारतीय पेन्सन प्रयोजनको लागि सोही व्यहोरा प्रमाणित गरिन्छ ।

**प्रमुख जिल्ला अधिकारी**

## बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लि.को बिमालेख यही मिति २०८३।०१।१९ गते नवलपरासीदेखि काठमाडौं जाने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला ।

विमित नामः अन्नपुर्ण सापकोटा
ठेगानाः पदम पोखरी-९, मकवानपुर
बिमालेख नम्बरः २५११४०३३७
मोबाइल नम्बरः ९८४१५६७७७२

## लिक्वर कार्ड हराएको सूचना

मेरो निम्न विवरण भएको भारतीय सैनिकबाट सेवा निवृत्त लिक्बर कार्ड मितिः २०८२।०२। १५ गते नयाँ मिलदेखि भैरहवा जाने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाइदिनु हुन अनुरोध छ ।

नामः दिल बहादुर छन्त्याल
आर्मी नम्बर : ५२४७४९८
ठेगानाः तिलोत्तमा-१, नयाँमिल
मोबाइल नम्बरः ९८६७०२२११८

## बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लि.को बिमालेख यही मिति २०८३।०१।१९ गते सुस्तादेखि बर्दघाट आउने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला ।

बिमित नामः अनिल परियार
ठेगानाः सुस्ता-२, नवलपरासी
बिमालेख नम्बरः २५११२०१६९
मोबाइल नम्बरः ९८०६९२७४३६

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टेी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

### कञ्चनमा उपाध्यक्षसँग गर्भवती भेट :

# ८ पटक गर्भ जाँच गर्नेलाई घरमै झुल उपहार



**जगिलाल थापा**

*कञ्चन*

रुपन्देहीको कञ्चन गाउँपालिकाले स्थानीय सरकार र नागरिकबिचको सामिप्यता बढाउने तथा मातृ एवं शिशु स्वास्थ्यमा सुधार ल्याउन उपाध्यक्षसँग गर्भवती भेट कार्यक्रम सञ्चालन गरेको छ । चालु आर्थिक बर्ष २०८२/०८३को वार्षिक नीति तथा कार्यक्रम बमोजिम पालिकाको विकास योजनाअन्तर्गत कञ्चनले आफ्नो पालिकाभित्र रहेका गर्भवती महिलाहरुका लागि उपाध्यक्षसंग गर्भवती भेट कार्यक्रमको रुपमा झुल वितरण गर्दै आइरहेको छ । यस कार्यक्रमलाई पालिकाको एउटा उत्कृष्ट र उदाहरणीय नवप्रवर्तनकारी कार्यक्रमको रुपमा कञ्चनले लिएको छ ।

यसभन्दा अधिका आर्थिक वर्षदेखि सुत्केरीसंग उपाध्यक्ष कार्यक्रमको सकारात्मक र सफल कार्यक्रम पछि चालु आ.व. देखि प्रारम्भ गरिएको यस कार्यक्रमले ग्रामीण र विपन्न वर्गका गर्भवती महिलाहरूलाई स्वास्थ्य सेवाको दायरामा ल्याउन यसको महत्वपूर्ण भूमिका खेल्न सक्दछ । साथै यस कार्क्रमले गर्भअवस्थामा अपनाउनुपर्ने सावधानी, पोषण र नियमित स्वास्थ्य जाँचबारे सचेतना फैलाउन यो कार्यक्रम महत्त्वपूर्ण बन्ने अपेक्षा समेत गर्न सकिन्छ। जसका कारण नागरिकले आफ्नो सुख-दुःखमा स्थानीय सरकार साथमा छ भन्ने कुराको प्रत्यक्ष अनुभूति गराउँन सक्दछ ।

"उपाध्यक्षसँग गर्भवती भेट कार्यक्रम" अन्तर्गत कञ्चनले गर्भवती महिलाहरूलाई झुल वितरण गर्ने कार्य स्वास्थ्य सुरक्षाका दृष्टिकोणले अत्यन्तै महत्त्वपूर्ण र व्यावहारिक मानिन्छ । विशेष गरी रूपन्देहीको कञ्चन गाउँपालिका जस्ता तराईका क्षेत्रहरूमा लामखुट्टेको टोकाइबाट लाग्ने रोगहरूको जोखिम उच्च हुने भएकाले यस कार्यक्रममा झुल वितरणलाई प्राथमिकता दिइएको हो ।

तराई र प्रकृतिका हिसाबले गर्मी एवं ओसिलो ठाउँहरूमा औलो, डेंगु र जापानिज इन्सेफलाइटिस जस्ता घातक रोगहरूको प्रकोप बढी हुन्छ । गर्भवती महिलाहरूलाई यी रोगहरूबाट जोगाउन झुलको प्रयोग अनिवार्य छ । फेरि गर्भावस्थामा डेंगु वा मलेरिया जस्ता रोग लागेमा कडा औषधीहरू सेवन गर्न मिल्दैन, जसले गर्दा उपचार जटिल हुन्छ। त्यसैले, गर्भवती महिलाहरुका लागि रोग लाग्नै नदिनु नै यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । उपाध्यक्षसंग गर्भवती भेट कार्यक्रमले बजारमा राम्रो गुणस्तरको झुल किन्न नसक्ने वा हेलचेक्र्याइँ गर्ने ग्रामीण एवं विपन्न परिवारका लागि सरकारी स्तरबाटै झुल उपलब्ध गराउनु निकै महत्त्वपूर्ण कदमको रुपमा लिइएको छ ।

झुलको प्रयोगले गर्भवती आमा मात्र होइन, पेटमा हुर्किरहेको शिशु र जन्मिएपछि नवजात शिशु समेत लामखुट्टे तथा अन्य कीराहरूको टोकाइबाट सुरक्षित रहन्छन् । यसैगरी मलेरियाको परजीवीले आमाको रगतमा आक्रमण गर्दा गर्भपतन हुने वा समय नपुगी बच्चा जन्मिने जोखिम हुने भएकोले पनि झुलले यो जोखिमलाई सीधा न्यूनीकरण गर्ने माध्यमको रुपमा कञ्चनले सामाजिक उत्तरदायितव सहित यस कार्यक्रमलाई अगाडी सारेको हो ।

गर्भावस्थामा शारीरिक आराम र पर्याप्त निन्द्रा निकै आवश्यक हुन्छ । झुलको प्रयोगले लामखुट्टेको अवरोधबिना महिलाहरूले आरामदायी र सुरक्षित निन्द्रा पाउँछन्, जसले मानसिक र शारीरिक स्वास्थ्य राम्रो बनाउने भएकोले पनि कञ्चनले निकै दूरदृष्टिका साथ अविछिन्न कार्यक्रमको रुपमा ग्रहण गरेको हो ।

कञ्चनले उपाध्यक्षसंग गर्भवती भेट कार्यक्रम अन्तर्गत वितरण गर्ने झुल प्राप्त गर्न गर्भवती आमाले नजिकको स्वास्थ्य केन्द्रहरुमा गर्भ परिक्षण गराएको हुनुपर्छ । आफ्नो स्थानीय तहभित्र रहेका स्वास्थ्य केन्द्रहरुमा ८ पटक आफ्नो र आफ्नो बच्चाको स्वास्थ्य जाँच गराएका गर्भवती महिलाहरुका लागि झुल जस्तो अत्यावश्यक सामग्री उपलब्ध गराउनाले गर्भवती महिला र शिसुको स्वास्थ्यमा सुधार हुनुको साथै समाजमा समेत सकारात्मक सन्देश जान्छ । अझ उक्त झुल गर्भवती महिलाहरुको घरमै पुगेर दिँदा गर्भवती महिलाहरूमा सुरक्षित र सम्मानित भएको महसुस गर्न पाउँछन् ।

गर्भवती महिलाको घरमै पुगेर जनप्रतिनिधि र स्वास्थ्यकर्मी आफैँले झुल वितरण गर्दै यसको प्रयोगबारे बुझाउँदा महिलाहरूमा दिउँसो वा राति सुत्दा अनिवार्य रूपमा झुल टाँगेर सुत्ने बानीको विकास हुनमा झन प्रभावकारी बन्नसक्छ ।

अझ भन्ने हो भने आर्थिक अभाव तथा विपन्नताका कारण स्वास्थ्य उपचार र सानातिना सामग्री खरिद गर्नमा समस्या झेलिरहेका गर्भवती महिलाहरुका लागि यो कार्यक्रम वरदान सावित बन्ने देखिन्छ ।

उपाध्यक्षसंग गर्भवती भेट कार्यक्रमले महिलाहरूलाई आफ्नो स्वास्थ्यप्रति अझ बढी जिम्मेवार र सचेत बनाउन मद्दत पुऱ्याउने कञ्चन गाउँपालिकाका उपाध्यक्ष मौसमी थापा मगरले विश्वास गरेकी छिन् । साथै उनीहरूले आफूलाई समाज र राज्यले महत्व दिएको महसुस गरी उनीहरूको मानसिक आत्मबल बढाउनमा यो कार्यक्रम लक्षित हुने उपाध्यक्ष थापा मगरको दाबी छ । विशेषगरी यो कार्यक्रममा उपाध्यक्ष आफैँ संलग्न हुँदा गर्भवती महिलाहरू नियमित रूपमा (कम्तीमा ४ वा ८ पटक) गर्भ जाँच गराउन स्वास्थ्य संस्था जान प्रेरित हुन्छन् । यस्तै स्वास्थ्य जाँच, परामर्श र उपहार सामग्रीले गर्दा विपन्न परिवारलाई आर्थिक रूपमा केही राहत मिल्छ ।

यो कार्यक्रम कुनै औपचारिक र प्रचार मात्र होइन समयमै जोखिम पहिचान र उपचार हुने हुनाले दीर्घकालमा मातृ तथा नवजात शिशु मृत्युदर शून्यमा झार्न मद्दत पुग्छ । गर्भदेखि राम्रो पोषण र हेरचाह पाउँदा भविष्यमा मुलुकले स्वस्थ र सक्षम जनशक्ति प्राप्त गर्नमा महत्वपूर्ण भूमिका खेल्दछ। यसैगरी यस कार्यक्रमले स्थानीय स्वास्थ्य संस्थाहरूको सेवा प्रवाह र विश्वसनीयतामा दीर्घकालीन सुधार ल्याउनमा निकै ठूलो भूमिका खेल्न सक्दछ ।

स्वास्थ्यकर्मी र जनप्रतिनिधिको निरन्तर अग्रसरताले गर्दा घरमा हुने जोखिमपूर्ण सुत्केरी शून्य भई शतप्रतिशत संस्थागत सुत्केरी (अस्पताल वा बर्थिङ सेन्टरमा) हुन थाल्छ । जसका कारण उच्च रक्तचाप, रक्तअल्पता जस्ता समस्या बेलैमा पत्ता लगाई प्रसूति सम्बन्धी जटिलताबाट समेत जोगाउँछ ।

सिंहदरबारको अधिकार गाउँ-गाउँमा भनिए झैँ, नेतृत्व वर्ग आफैँ जनताको घरदैलोमा पुग्दा नागरिक र जनप्रतिनिधि बीचको दूरी घट्छानागरिकहरूमा स्थानीय सरकारप्रति भरोसा, आदर र अपनत्वको भावना सुदृढ हुन्छ, जसले स्थानीय शासनलाई अझ बलियो बनाउँछ ।

स्वास्थ्य नागरिकको मौलिक हक हो र यसको संरक्षण गर्नु स्थानीय सरकारको प्राथमिक दायित्व हो भन्ने सन्देश दिन्छ। यस्तै समाजका सीमान्तकृत र पछाडि पारिएका वर्गलाई पनि राज्यले उत्तिकै प्राथमिकता दिन्छ भन्ने सकारात्मक सन्देश प्रवाह गर्छ । 'सुरक्षित मातृत्व, हाम्रो प्रतिबद्धता' भन्ने कञ्चनको नारालाई व्यवहारमा उतार्न समेत यो कार्यक्रम उत्तम माध्यमको रुपमा लिन सकिन्छ ।

ठूला र खर्चिला पूर्वाधारमा मात्र बजेट खन्याउनु भन्दा यस्ता मानवीय र सामाजिक विकासका सफ्टवेयरु कार्यक्रममा लगानी गर्नु बढी फलदायी हुन्छ । कञ्चन गाउँपालिकाले जस्तै सीमित स्रोतसाधनमा पनि कसरी प्रभावकारी र जनमुखी कार्यक्रम सञ्चालन गर्न सकिन्छ भन्ने कुरा अन्य पालिकाले सिक्न सक्छन् ।

प्रत्येक गर्भवती महिलाको विवरण, स्वास्थ्य अवस्था र डेलिभरीको सम्भावित मिति ट्र्याक गर्न डिजिटल एप्लिकेसन वा सफ्टवेयरको प्रयोग गर्ने। कार्यक्रमलाई पटके (तदर्थ) नबनाई वार्षिक बजेट र नीति तथा कार्यक्रममै स्थायी रूपमा समेट्दै जानु पर्दछ । अति विपन्न, दलित र पिछडिएका चेपाङरमुसहर वा अन्य सीमान्तकृत समुदायका गर्भवतीलाई थप विशेष प्याकेजको व्यवस्था गर्न सके यस कार्यक्रमको प्रभावकारिता र अपनत्व जनस्तरसम्म पुग्न सक्दछ ।

यो कार्यक्रम सफल पार्न उपाध्यक्ष एक्लै नभई स्वास्थ्य शाखा, सम्बन्धि वडाका स्वास्थ्य केन्द्र, स्वास्थ्यकर्मी, वडा अध्यक्ष र जनप्रतिनीधिहरू, महिला स्वास्थ्य स्वयंसेविका र स्थानीय आमा समूहको एकीकृत परिचालन गर्न सके कार्यक्रमको प्रभावकारिता महत्व बढ्दै जान सक्छ । यसैगरी वितरण गरिएका सामग्री वा परामर्शको प्रभावकारिता कस्तो रह्यो भनी वडास्तरमा नियमित अनुगमन संयन्त्र बनाउनु पर्छ ।

पहुँच भएकाहरूले मात्र नभई वास्तविक रूपमा विपन्न र दूरदराजका महिलाहरूले पहिलो प्राथमिकता पाउनुपर्ने सिद्धान्तलाई अवलम्बन गर्न सके कञ्चनको जनमुखी कार्यक्रमको रुपमा रहेको उपाध्यक्षसंग भेट कार्यक्रम दिगो बन्दै जाने छ । यस्तै कञ्चनलयस कार्यक्रमलाई कार्यविधि बनाएर लागु गर्नसकेमा नेतृत्व परिवर्तन भए पनि कार्यक्रम नरोकिने गरी यसलाई संस्थागत गरिनु पर्दछ ।

तसर्थ, कञ्चनको उपाध्यक्षसँग गर्भवती भेट कार्यक्रममा झुल वितरण गर्नु केवल एउटा सामग्री बाँड्नु मात्र होइन, यो आमा र जन्मिने शिशुको जीवन रक्षा गर्ने, स्वास्थ्य सचेतना जगाउने र सुरक्षित मातृत्व सुनिश्चित गर्ने एक प्रभावकारी माध्यम हो ।

# समृद्धिद्वारा प्रशिक्षार्थी दीक्षित, अग्रज नाई र ब्युटिसियन सम्मानित



बुटवल । समृद्धि हेयर ड्रेसिङ सलुन एन्ड एकेडेमी बुटवलले १६० जना प्रशिक्षार्थीलाई दीक्षित गर्दै विभिन्न विधामा सम्मान तथा पुरस्कार वितरण गरेको छ । सोमबार आयोजित विशेष समारोहमा वरिष्ठ पत्रकार राजेन्द्र बानियाँको प्रमुख आतिथ्यमा दीक्षान्त समारोह सम्पन्न भएको हो ।

समारोहमा हेयर ड्रेसिङ र सौन्दर्यकला क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका अग्रज नाई नाथु श्रीवास्तव र ब्युटिसियन सुशीला श्रेष्ठलाई विशेष सम्मान प्रदान गरियो । सौन्दर्य पत्रकारितामार्फत क्षेत्रको प्रवर्द्धनमा योगदान दिएको भन्दै पत्रकार भगवती पाण्डेलाई पनि सम्मान गरिएको थियो । त्यस्तै, एकेडेमीको उत्कृष्ट कर्मचारी पुरस्कारसहित रु. १ लाख नगदबाट कर्मचारी लक्ष्मी विश्वकर्मा सम्मानित भइन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै वरिष्ठ पत्रकार राजेन्द्र बानियाँले हेयर ड्रेसिङ पेशा केवल सीपमा सीमित नभई आत्मनिर्भरता, सम्मानजनक रोजगारी र उद्यमशीलताको बलियो आधार बनेको बताए । 'अरूले के भन्छन् भन्नेभन्दा आफ्नो कामप्रति समर्पित भएर अघि बढ्ने हो भने यही पेशाबाट स्वदेशमै राम्रो आम्दानी गर्न सकिन्छ ।'-उनले भने ।

आफ्नो अनुभव सुनाउँदै उनले व्यक्तित्व, व्यवहार र सीपलाई निरन्तर परिष्कृत गर्दै ग्राहकको विश्वास जित्न सके सफलता निश्चित हुने धारणा राखे। उनले बजारमा हेयर ड्रेसिङ र ब्युटी क्षेत्रको सम्भावना अझै विशाल रहेको उल्लेख गर्दै, 'सीप नै सबैभन्दा ठूलो लगानी हो, जसले विश्वको जुनसुकै कुनामा पनि रोजगारीको ढोका खोल्छ ।'-उनले भने । सेवासँगै व्यावसायिक व्यवहार र विश्वास कायम राख्नुपर्नेमा पनि उनले जोड दिए ।

कार्यक्रममा बुटवल उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष टंक गैरेले सीपमूलक शिक्षाले युवालाई आत्मनिर्भर बनाउने उल्लेख गर्दै यस्ता एकेडेमीहरूको भूमिका प्रशंसनीय रहेको बताए ।

त्यस्तै, आईएसओका प्रतिनिधि टिकाराम शर्माले समृद्धि एकेडेमीले निर्धारित मापदण्डअनुसार गुणस्तरीय तालिम प्रदान गरिरहेको पुष्टि गर्दै प्रशिक्षार्थीलाई प्रमाणपत्र हस्तान्तरण गरे । उनले आगामी दिनमा पनि गुणस्तर र व्यावसायिकतालाई निरन्तरता दिन आग्रह गरे ।

एकेडेमीका सञ्चालक मोहन ठाकुरले संस्थाको सुरुवाती संघर्षदेखि हालसम्मको यात्राबारे जानकारी दिँदै समृद्धिले सीप, रोजगारी र उद्यमशीलतालाई सँगसँगै अघि बढाएको बताए। उनका अनुसार संस्थामा हालसम्म करिब ३ करोड रुपैयाँ लगानी भइसकेको छ भने देशभर ५० भन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी उपलब्ध गराइएको छ। साथै, तालिम प्राप्त सयौं युवाले स्वरोजगार तथा विभिन्न क्षेत्रमा रोजगारी प्राप्त गरिसकेको उनले जानकारी दिए ।

उनका अनुसार उच्च दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्यसहित बुटवलमा आधुनिक पूर्वाधारसहितको एकेडेमी सञ्चालनमा ल्याइएको हो, जहाँ एकैपटक ४० जनासम्मलाई व्यावसायिक तालिम प्रदान गर्न सकिने क्षमता रहेको छ ।

समृद्धि एकेडेमीले सञ्चालन गरिरहेको यस्तो कार्यक्रमले सौन्दर्यकला र हेयर ड्रेसिङ क्षेत्रलाई थप व्यावसायिक, मर्यादित र रोजगारीमुखी बनाउने विश्वास सहभागीहरूले व्यक्त गरेका छन् ।

# गाई र गोरू पाल्ने कृषकलाई प्रोत्साहन



**प्रकाश डोटेल**

*स्याङ्जा*

स्याङ्जाका विभिन्न स्थानीय तहले लोकल काठे गाई र हल गोरु पाल्ने कृषकलाई नगद अनुदान दिएका छन् । अर्जुनचौपारी, फेदीखोला गाउँपालिका र गल्याङ नगरपालिकाले परम्परागत पशुपालनलाई प्रोत्साहनसँगै संरक्षण गर्ने उद्देश्यले कृषकलाई नगद अनुदान दिएका दिएका हुन् ।

जिल्लाका ११ स्थानीय तहमध्ये फेदीखोला गाउँपालिका र गल्याङ नगरपालिकाले हल गोरु पाल्ने कृषक तथा अर्जुनचौपारी गाउँपालिकाले स्थानीय काठे गाई पाल्ने कृषकलाई प्रोत्साहन स्वरुप नगद अनुदान उपलब्ध गराएका छन् । बढ्दो यान्त्रिकरणलाई न्यूनीकरण र पर्यावरण प्रवर्द्धनमा टेवा पुऱ्याउन स्थानीय तहले अनुदानका कार्यक्रम संचालन गरेको जनाएका छन् ।

चार वर्षदेखि हल गोरु पाल्ने कृषकलाई प्रोत्साहन स्वरूप नगद प्रदान गर्दै आएको फेदीखोला गाउँपालिकाले चालु आर्थिक वर्षमा ११ हल गोरुपालक कृषकलाई १० हजार रुपैयाँका दरले अनुदान दिएको छ । हरेक दुई वर्षको अन्तरमा हल गोरु पाल्ने कृषकलाई नगद दिने नीति लिएको फेदीखोलाले गत आर्थिक वर्षमा ११४ हल गोरुका लागि अनुदान उपलब्ध गराएको गाउँपालिकाले जनाएको छ ।

त्यस्तै गल्याङ नगरपालिकाले ११ वटै वडाका हल गोरुपालक ११५ जना कृषकलाई पाँच हजार रुपैयाँका दरले ५ लाख ७५ हजार रुपैयाँ नगद अनुदान दिएको छ । प्रविधिको प्रयोग बढेसँगै हल गोरु पाल्ने क्रम घट्दै गएपछि कृषकलाई आकर्षित गर्न प्रोत्साहन रकम उपलब्ध गराइएको नगरप्रमुख गुरुप्रसाद भट्टराईले बताए ।

नगरपालिकाभित्र ११५ कृषकले ११६ हल गोरुपालन गरेको आवेदन दिएको आधार र अनुगमनपछि प्रोत्साहन रकम प्रदान गरेको जनाएको छ । चालु आर्थिक वर्ष २०८२/८३ का लागि हल गोरु पाल्दै आएका कृषकलाई प्रोत्साहन गर्ने उद्देश्यले नगरपालिकाले कृषक प्रोत्साहन अनुदान कार्यक्रमअन्तर्गत रकम दिएको हो ।

उता अर्जुनचौपारी गाउँपालिकाले लोकल काठे गाई पाल्ने कृषकलाई नगद अनुदान दिएको छ। गाउँपालिकाले गाई पाल्ने कृषकलाई प्रतिगाई मासिक एक हजार रुपैयाँका दरले वार्षिक १२ हजार रुपैयाँ उपलब्ध गराएको छ । पछिल्लो समय काठे गाई लोप हुँदै गएको तथा राष्ट्रिय जनावरको संरक्षणसँगै गाईको गोबर, गहँत, सिङ र हड्डीसमेत विभिन्न क्षेत्रमा प्रयोग हुने भएकाले कृषकलाई प्रोत्साहन गरिएको गाउँपालिकाले जनाएको छ ।

अर्जुनचौपारीले चालु आर्थिक वर्षमा ८१ वटा काठे गाईपालन गर्ने कृषकलाई ९ लाख ७२ हजार रुपैयाँ नगद अनुदान वितरण गरेको जनाएको छ। यसैगरी जिल्लाकै बिरुवा गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ मा एक हल गोरुपालन गर्ने कृषकलाई १० हजार रुपैयाँ नगद उपलब्ध गराउने नीति अवलम्बन गरेको जनाइएको छ ।

# श्रृङ्गेश्वर धाममा एक महिना पुष्करिणी स्नान महोत्सव



गुल्मी । गुल्मीको रुरुक्षेत्र गाउँपालिका-५ स्थित श्रृङ्गेश्वर तपोभूमिधाममा एक महिनासम्म दिव्य श्रृङ्गेश्वर मौन पुष्करिणी स्नान महोत्सव हुने भएको छ । श्रृङ्गेश्वर तपोभूमि धाम क्षेत्र संरक्षण तथा व्यवस्थापन समितिको आयोजनामा यही असारदेखि ३० भदौ १ गतेसम्म पुष्करिणी स्नान महोत्सव हुने भएको हो ।

उक्त धामको ऐतिहासिक, सामाजिक, धार्मिक तथा पुरातात्विक महिमा र महत्व प्रवर्द्धन गर्ने उद्देश्यले मेलाको आयोजना गरिएको धाम व्यवस्थापन समितिका सचिव दामेन्द्र पाण्डेले जानकारी दिए ।

स्थानीय पर्यटन प्रवर्द्धन धार्मिक सहिष्णुतामा समेत टेवा पुग्ने विश्वासका साथ मेला आयोजना गरिएको उनले बताए । मेलामा मौन पुष्करिणी स्नान, पवित्र स्नान र यसको महत्व, राष्ट्रिय कलाकारको भजन प्रस्तुति, देवी देवताका लीलाहरुको प्रदर्शनलगायतका कार्यक्रम हुने आयोजकले जनाएको छ ।

महोत्सवअन्तरगत १०८ मूलको जल तथा १०८ जडीबुटीको पावन समिश्रणद्वारा पुष्करिणी स्नान, मौन व्रतद्वारा आन्तरिक शुद्धी, देवपाठी ब्राह्मणद्वारा रुद्राभिषेक तथा वैदिक हवनादी कर्म सम्पन्न गरिने महोत्सव प्रचारप्रचार समितिका संयोजक कपिल गौतमले बताए ।

मुख्य महोत्सव साउन २४ गतेदेखि हुने भए पनि पुष्करिणी महोत्सव भने असार ३० देखि नै सुरु हुनेछ। असार ३० गते औँसीका दिन १०८ जना भक्तजनद्वारा १०८ मूलको जल तथा १०८ जडीबुटी पुष्करिणीमा अर्पण गरिने कार्यक्रम छ। महोत्सवमा एक हजार १११ जना भक्तजनका टोली निर्माण गरिनेछ । उक्त टोलीले कालीगण्डकीमा पवित्र स्नान गरी मौन व्रत धारणा गर्दै धाम प्रवेश गर्ने तथा वेदपाठी ब्राह्मणद्वारा रुद्राभिषेक र हवनादी कर्ममा सहभागि भई दिव्य अनुष्ठान पूर्ण गर्ने प्रमुख व्याख्याता उपेन्द्र न्यौपानेले बताए ।

मेलामा दर्शन गर्नाले पुण्य प्राप्त हुने, मन, वचन र कर्मको पवित्रता हुने, रोग, क्लेश तथा नकारात्मकता ऊर्जाबाट मुक्ति मिल्ने तथा भगवान् शिवको कृपा एवं आर्शिवाद प्राप्त भई मानसिक शान्ति, आत्मिकस्थिरता तथा आध्यात्मिक उन्नति हुने आयोजक विश्वास लिएको छ ।

रुरुक्षेत्र गाउँपालिका अध्यक्ष यदु ज्ञवालीले मेला र धामको महत्वबारे प्रचारप्रचार गर्न सडकको किनारामा धामको प्रतिमा बनाइएको तथा पहुँच सडक पक्की गरिएको जानकारी दिए ।







सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com